# संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धी

अधिकार सबै बालबालिकाले पाउनुपर्छ । सबै बालबालिकाको समान अधिकार हुन्छ । तल उल्लेखित सबै अधिकारहरू बाल अधिकार महासन्धीमा राखिएको छ । प्रायजसो सबै मुलुकले यो महासन्धी अनुमोदन गरेका छन् । यसमा भएका हरेक धाराहरू एक अर्कासँग गाँसिएका छन् र यि महत्वपूर्ण पनि छन् । बिशेष परिस्थितीमा बालबालिकाको जीवन र संरक्षणका लागी के राम्रो हुन्छ हामीले बिचार गर्नुपर्छ । उमेरसँगै अधिकार प्रयोग गर्ने र सही छनौट गर्ने जिम्मेवारी हाम्रो हुन्छ ।

## धारा १

हामी १८ वर्षभन्दा कम उमेरका छौं । त्यसैले हामी सबै बालबालिका हौं ।

## धारा २

हाम्रा बाबा-आमा अनि अभिभावकको जात, भाषा, धर्म, लिङ्ग, अपाङ्गता र विचारजस्ता कुराहरूका कारण हामीलाई भेदभाव गरिने छैन भन्ने कुरा देशले पक्का गर्नुपर्छ ।

## धारा ३

सबै व्यक्ति, सामाजिक संस्था, सरकारी कार्यालय र अदालतका जुनसुकै काम र निर्णयहरु गर्दा हाम्रो हितलाई ध्यान दिनुपर्छ र के गर्दा हामीलाई सबभन्दा राम्रो हुन्छ त्यही गर्नुपर्छ ।

इच्छा
रहर
हित
विकास
न्याय
समानता
खुसी
आवश्यकता

## धारा ४

देश आफैले र अरूको समेत सहयोगले हाम्रो अधिकारको रक्षा गर्दै ढुक्कसँग उपयोग गर्ने वातावरण बनाउन बढीभन्दा बढी प्रयास गर्नुपर्छ ।

## धारा ५

हामीले हाम्रो अधिकारको प्रयोग गर्दा हाम्रा बाबा आमा, अभिभावक अनि हाम्रो जिम्मा लिएका व्यक्तिले हामीलाई केही सम्झाईबुझाई गर्नु उहाँहरूको अधिकार हो । यसमा पनि हाम्रो बढदै गरेको क्षमतालाई नराम्रो असर नपर्नेगरी अह्राउनु, सिकाउनु उहाँहरूको कर्तब्य हो ।

## धारा ६

बाँच्न र आफ्नो विकास गर्न पाउनु हाम्रो अधिकार हो । यसका लागी देशले बढीभन्दा बढी प्रयास गर्नुपर्दछ ।

## धारा ७

हाम्रो जन्मको दर्ता गर्न पाउनु, नाम राख्न पाउनु र देशको नागरिक हो भनेर चिनिन पाउनुका साथसाथै आफूलाई जन्म दिने बाबा-आमा चिन्न पाउनु अनि उनीहरूबाट स्याहर पाउनु हाम्रो अधिकार हो ।

## धारा ८

देशले हाम्रो नाम, राष्ट्रियता, अनि परिचय, जोगाईदिनुपर्छ र विकास गर्नुपर्छ । यसमा देशले नचाहिंदो छेकवार गर्नुहुदैन ।

## धारा ९

परिवारसँग बस्न पाउनु हाम्रो अधिकार हो । हाम्रै परिवारले हेलाँ र दुर्व्यवहार गरेका अवस्थामा बाहेक अरू कारणबाट हामीलाई परिवारबाट अलग्याउन पाईदैन ।

## धारा १०

यदि हामी र हाम्रा बाबा-आमा छुट्टाछुट्टै देशमा बसेका छौं भने हामीलाई ती देशहरूमा भेटधाट गर्न जाने र उहाँहरूसँग सँगै बस्ने अधिकार छ ।

## धारा ११

हामीलाई हाम्रो देशबाट झुक्याई, ललाई फकाई विदेश लैजान पाईदैन । हामीलाई त्यसरी विदेश पुऱ्याईएमा पनि देशले फिर्ता ल्याउन सक्दो प्रयास गर्नुपर्छ ।

## धारा १२

हामीलाई हाम्रा कुरा ढुक्कसँग भन्न दिनुपर्छ । हाम्रो उमेर र हाम्रा कुरालाई महत्व दिनुपर्छ ।

## धारा १३

हामीलाई सूचना खोज्ने, सूचना पाउने र पाएका सूचना जानकारीहरूलाई बोलेर, लेखेर चित्र बनाएर र अरू मनपर्ने तरिकाले भन्न पाउने अधिकार छ । तर यसो गर्दा हामीलाई र अरूलाई हानि-नोक्सानि नपुग्ने गरी गर्नुपर्छ ।

## धारा १४

हामीलाई हाम्रै किसिमले सोचविचार गर्ने र धर्म मान्ने अधिकार छ र यसका लागी हामीलाई सही बाटो देखाउनु अभिभावकको अधिकार र कर्तव्य दुवै हो ।

## धारा १५

आफ्नो संगठन खोल्ने र शान्तिपूर्ण रूपमा भेला हुने अधिकार हामीलाई छ । हामीले समूह बनाएर सँगै काम गर्ने र भेला हुदाँ अरूलाई हानि-नोक्सानि नपुऱ्याउने गरी गर्नुपर्छ ।

बाल क्लब

## धारा १६

हामी र हाम्रो परिवारको इज्जतमा, मर्यादामा र व्यक्तिगत कुराहरूमा कसैले पनि नचाहिंदो खोजीनीति र खुलासा गर्न पाउँदैन ।

## धारा १७

रेडियो, टेलिभिजन, पत्रपत्रिका, इन्टरनेटजस्ता सञ्चारमाध्यमबाट हामीले बुझ्नेगरी संसारभरिका सूचना र जानकारीहरु पाउने हाम्रो अधिकार छ । हामी बालबालिकाको अहित गर्ने कुराहरूको जानकारी प्रचार-प्रसार गरिनु पनि हुँदैन ।

समाचार

## धारा १८

हाम्रो लालन-पालन र भलो गर्ने पहिलो जिम्मेवारी हाम्रै बाबा-आमा अनि अभिभावकको हुन्छ । हामीहरूको राम्रो स्याहार होस् भन्नेका लागी देश हाम्रा अभिभावकलाई सहयोग गर्नुपर्छ ।

## धारा १९

हामीलाई हाम्रा अभिभावक वा अरू कसैले गर्ने र गर्नसक्ने नराम्रो व्यवहार, बेवास्ता, हिंसाबाट संरक्षण पाउने अधिकार छ ।

## धारा २०

हाम्रो आफ्नो परिवार नभएमा देशबाट विशेष संरक्षण र सहयोग पाउनु हाम्रो अधिकार हो ।

## धारा २१

देशभित्र वा विदेशमा हामीलाई धर्मपुत्री वा धर्मपुत्रका रूपमा लिईएको अवस्थामा के गर्दा हामीलाई राम्रो हुन्छ त्यो कुरालाई महत्व दिनुपर्छ ।

## धारा २२

शरणार्थी बालबालिकाले पनि आफू बसिरहेको देशका बालबालिकासरह समान अधिकार पाउनुपर्छ ।

शरणार्थी शिविर

## धारा २३

हामीमा कुनैपनि प्रकारको अपाङ्गता भएमा हाम्रो जीवन सफल पार्नका लागी हामीले विशेष हेरचाह र सहयोग पाउने अधिकार छ ।

## धारा २४

हामी निरोगी भएर बाँच्न, राम्रो र भरपर्दो स्वास्थ्य उपचार, शुद्ध पिउने पानी, पोषिलो खाना र स्वच्छ वातावरण पाउनु हाम्रो अधिकार हो । यसका लागी धनी देशहरूले आर्थिक अवस्था कमजोर भएका देशहरूलाई अन्तर्राष्ट्रिय सहयोग गर्नुपर्छ ।

## धारा २५

हाम्रो हेरचाह, संरक्षण र उपचारका लागी हामीलाई हाम्रो घरबाट अलग्गै राखिएको छ भने ती ठाँउहरूमा हामीलाई कस्तो व्यवहार गरिएको छ भन्ने कुरा नियमित रूपमा जाँचिनु पर्छ ।

## धारा २६

सहज जीवन बाँच्न र हाम्रा सबै अधिकारहरु उपयोग गर्न देशबाट सहयोग पाउनु हाम्रो अधिकार हो ।

निशुल्क शिक्षा

## धारा २७

हाम्रो विकासका लागी चाहिने खाना, नाना र छाना पाउनु हाम्रो अधिकार हो ।

## धारा २८

राम्रो शिक्षा पाउनु हामी सबैको समान अधिकार हो । हामी सबैले प्राथमिक तहसम्म सित्तैंमा पढ्न पाउनै पर्छ । हामीलाई माथिल्ला तहसम्म पढ्न पाउने अवसर दिनुपर्छ ।

## धारा २९

हामीले पाउने शिक्षा हाम्रो सीप र क्षमता विकास गर्ने अनि अरूको अधिकार र वातावरणको संरक्षणलाई पनि सम्मान गर्न सिकाउने खालको हुनुपर्छ ।

## धारा ३०

हामीहरूले देशका धेरै मान्छेले बोल्ने भाषा सबैले पनि वा हामीले अर्कै धर्म मान्ने भएपनि हामीलाई हाम्रो परिवारमा बोलिने भाषा, धर्म र रीतिरिवाज प्रयोग गर्न पाउने अधिकार हुन्छ ।

## धारा ३१

हामीलाई, खेल्ने, रमाउने र आराम गर्ने अधिकार हुन्छ ।

## धारा ३२

हामीलाई जोखिममा पार्ने, पढ्न पाउने मौकाबाट टाढा पार्ने र हाम्रो स्वास्थ्य बिगार्ने खालका काममा लगाउन पाइँदैन ।

## धारा ३३

हामीलाई लागु पदार्थ बनाउने, प्रयोग गर्ने, किनबेच गर्ने, जस्ता काममा लगाउन पाइँदैन । यस्ता कामबाट हामीलाई जोगाउनुपर्छ ।

## धारा ३४

सबै किसिमका दुर्व्यवहारबाट जोगिन पाउनु हाम्रो अधिकार हो ।

## धारा ३५

अपहरण र बेचबिखनबाट जोगिन पाउनु हाम्रो अधिकार हो ।

## धारा ३६

सबै किसिमको शोषण र त्यस्ता क्रियाकलापहरु जसले हाम्रो कुभलो हुन्छ र विकासमा असर पुऱ्याउँदछ, त्यसबाट जोगिन पाउनु हाम्रो अधिकार हो ।

## धारा ३७

हामीले कुनै काम बिगारेमा कठोर सजाय दिनु हुदैन । थुनामा ठुलो मान्छेसँग मिसाएरसँगै राख्नु हुदैन र हामीलाई परिवारसँग भेट्न दिनुपर्छ ।

## धारा ३८

हामी १५ वर्ष नपुगेकालाई सेनामा भर्ना गर्नु हुँदैन र लडाइँमा प्रयोग गर्नु हुँदैन । यस्ता अवस्थामा स्याहार र संरक्षण पाउनु हाम्रो अधिकार हो ।

## धारा ३९

हेलाँ, दुर्व्यवहार, शोषण अनि यातनाजस्ता कुराहरूबाट पीडित हुन पुगेका हामीलाई फेरि इज्जत र खुसीसँगै समाजमा बस्ने वातावरण पाउनु हाम्रो अधिकार हो ।

## धारा ४०

हामीबाट कुनै कानुन मिच्ने गल्ती या कुनै बिगो हुन पुगेमा सजिलोसँग कानुनी सहयोग पाउनु हाम्रो अधिकार हो ।

## धारा ४१

हाम्रो देशको कानुनमा अझ राम्रा कुराहरु रहेछन् भने त्यसलाई महत्व दिनुपर्छ र त्यही लागू गर्नुपर्छ ।

नेपालको बालबालिका सम्बन्धी ऐन !!

बालबालिका सम्बन्धी महासन्धि !!

## धारा ४२

यस महासन्धिमा लेखिएका हाम्रा हक-अधिकारका कुराहरु सबैले बुझ्नेगरी थाहा दिईनुपर्छ ।

## धारा ४३-५४

बालबालिकाको अधिकार सुनिश्चित गर्न सरकार र युनिसेफ जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले के गर्नुपर्छ लेखिएको छ ।

ADVT.

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
केन्द्रिय बालकल्याण समिति

CRC@25 CONVENTION ON THE RIGHTS OF THE CHILD

unicef